निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.२ : प्रस्ताव नं. २ का सम्बन्धमा छलफल गर्दा बञ्चरे पहाडको प्रारम्भिक वातावरणीय परिक्षण सर्भेक्षण तथा प्रतिवेदन कार्यको लागि जिम्मेवारी पाएको परामर्शदाता श्री युनिभर्सल इन्जिनियरिङ कन्सल्टेन्ट एण्ड बिल्डर्स तिलोत्तमा रुपन्देही द्धारा अन्तिम प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन कार्यपालिका समक्ष प्रस्ततिकरण गरियो । सो प्रतिवेदन सर्वसम्मत रुपमा स्विकृत गर्दै थप विपद निम्त्याउने गरि थुप्रिएर रहेको भस्कटयुक्त माटोलाइ विपद व्यवस्थापन तथा वातावरणीय संरक्षणको निति अनुरुप निकासी तथा व्यवस्थापन प्रकृया अगाडी बढाउने प्रयोजनका लागि स्थानिय विपद व्यवस्थापन समितिबाट सिफारिस भई आए बमोजिम जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गर्ने सर्वसम्मत गरियो ।

निर्णय नं.३ : प्रस्ताव नं. ३ का सम्बन्धमा छलफल गर्दा तिनाउ गाउँपालिकाको गत आर्थिक वर्ष २०८१।०८२ को महालेखा परिक्षकको कार्यालयबाट प्राप्त अन्तिम प्रतिवेदन कार्यपालिका समक्ष प्रस्तुत गरियो । सो सम्बन्धमा प्रतिवेदनले औल्याएका सुझाव तथा बेरुजुहरुलाइ ताकेता तथा लेखा समिति मार्फत प्रतिवेदन तयार गरि बेरुजु फर्छयौटको प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं.४ : प्रस्ताव नं. ४ का सम्बन्धमा छलफल गर्दा तिनाउ गाउँपालिकाको आगामी आर्थिक बर्षको निति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा स्रोत अनुमान तथा सिमा निर्धारण समितिले निर्धारण गरेको सिमाको अधिनमा रहि टोल भेलाको माग तथा आवश्यकता अनुरुपको बजेट तर्जुमा तथा कार्यक्रम समितिले निर्धारण गरेको निम्नानुसारको प्राथमिकताका क्षेत्र तथा आगामी आ.व. २०८३।०८४ का लागि बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन स्विकृत गर्दै वडा योजना हरु उपर बिषयगत समितिमा छलफल गरि निति तथा कार्यक्रम तर्जुमा प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

निम्नः

**प्राथमिकताका क्षेत्रहरुः**

- शिक्षा
- स्वास्थ्य
- कृषि/पशु
- पर्यटन
- पूर्वाधार

निर्णय नं.५ : प्रस्ताव नं. ५ का सम्बन्धमा छलफल गर्दा तिनाउ गाउँपालिकाको उत्पादनमा आधारित अनुदान व्यवस्थापन अन्तर्गत तिनाउ कृषि उपज संकलन तथा बिक्री केन्द्र मार्फत संकलन तथा बिक्री गरिएका उपजहरुको उत्पादनकर्ताहरुलाई अनुदान उपलब्ध गराउने प्रयोजनका लागि किसानहरुको बिक्री विवरण तथा अनुदान रकम सहितको नामावली प्राप्त भएकोमा सम्बन्धित वडा कार्यालयहरुबाट किसानहरुको नामावली तथा उत्पादनको अवस्था प्रमाणीकरण तथा सिफारिस संलग्न गरि साबिककै दररेट अनुरुप अनुदान रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं.६ : प्रस्ताव नं. ६ का सम्बन्धमा छलफल गर्दा पाल्पा लायन्स लाकौल आँखा अस्पताल र तिनाउ गाउँपालिकाको सहकार्यमा तिनाउ गाउँपालिकामा आँखा उपचार केन्द्र सञ्चालन भइरहेकोमा आँखा उपचार सेवालाई थप सहज तथा प्रभावकारी बनाउन दुइ पक्षका शर्तहरु निर्दिष्ट गरि आगामी सभाबाट अनुमोदन गर्ने गरि स्रोत सुनिश्चित गरि कार्य प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।